# आर्थिक वर्ष २०७७/०७८

# को

# बजेट बक्तव्य

# कनकासुन्दरी गाउँपालिका

# २०७७

# कनकासुन्दरी गाउँपालिका गाउँ सभाको बैठकमा

# २०७७  असार १५ गते

# सोमवार

# उपाध्यक्ष उर्मिला भण्डारीले

# प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/७८बजेट

कनकासुन्दरी गाउँपालिका

२०७७

## कनका सुन्दरी गाउँपालिका विराट, जुम्ला

मिति: २०७७/०३/१५

कनकासुन्दरी गाउँपालिकाको पाँचौ गाउँसभाका अध्यक्षज्यु, प्रमुख अतिथिज्यु, विशिष्ठ अतिथिज्यु, अतिथिज्यूहरु सभाका सदस्यज्युहरू,कर्मचारीज्यूहरु,पत्रकारज्युहरु तथा सम्पूर्ण महानुभावहरू ! ! !

यस कनकासुन्दरी गाउँपालिकाको ऐतिहासिक पाँचौ गाउँसभाको बजेट वक्तव्यलाई सफल र व्यवस्थित बनाउन हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएकोमा हार्दिक धन्यवाद सहित स्वागत गर्दछु । नेपालको राजनितिक, आर्थिक, समाजिक लयागतका विभिन्न आन्दोलनहरूमा अमूल्य जीवन उत्सर्ग गर्नहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यन्वयन हुने क्रममा निर्वाचित जनप्रतिनिधीहरू मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा कनकासुन्दरी गाउँपालिका विराट जुम्लाले संघियताको मर्म अनुसारका विकास प्रक्रियालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कार्यादेशहरू, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्य र मान्यताहरू, वस्ती तथा वडा तहबाट सिफारिस भई आएका योजनाहरू, विभिन्न समितिहरू र गाउँ कार्यपालिका तथा गाउँ सभाको सभाबाट पारित भएको नीति तथा कार्यक्रम अनुरुप यस सभामा आर्थिक वर्ष २०७७७८ को बजेट प्रस्तुत गर्न गईरहेको छु । साथै यस अवसरमा सम्पूर्ण कनकासुन्दरी गाउँपालिका बासी आदरणीय जनसमुदायहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आदरणीय उपस्थित महानुभावहरू ! कनकासुन्दरी गाउँपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण रहेको क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण कनका सुन्दरी मन्दिर, विराट दरवार, पाण्डुगुफा एवं खस भाषाको उदगम स्थल सिंजा उपत्यका, जडीबुटी, वन पैदावर, कृषि, पशुपालन, नगदेवाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको

सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत कनकासुन्दरी बासीको विकास प्रति रहेको चासो कनकासुन्दरी  क्षेत्रको समग्र विकासको लागि अवसरका रूपमा रहेका छन् ।

तथापि यस कनकासुन्दरी गाँउपालिकाको मानव विकास सुचाङ्क सन्तोषजनक देखिदैन र प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ । कृषि, वन ,वातावरण तथा अन्य पूर्वधार र सशक्तीकरणका कार्यक्रमहरूमा वर्षेनी ठूलो लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातिय भेदभाव, छुवाछुत, महिला हिंसाका घटनाहरूबाट पार पाउन सकिएको छैन । निरक्षरता र अदक्षताले गाँजिरहेको छ । गाउँपालिकाको आन्तरिक आय अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्षित समुदायसम्म पुऱ्याउन नसक्नु, गाउँपालिकाले शून्य अवस्थाबाट काम सुरू गर्नु पर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतीहरूको बावजुद सबै सरोकरवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदायसम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

**आदरणिय महानुभावहरु,**

अव म आगामी आर्थिक वर्ष ०७७।७८ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- नागरिकका जीवन यापनमा न्यूनतम आधारभूत आवश्यकताहरु सिघ्र परिपुर्ति गर्दै चरम गरिवी, विपन्नता र पछौटेपन अन्त्य गर्ने ।
- साधन श्रोत, अवसर र क्षमताको उच्चतम उपयोग गरी मानविय विकास गर्ने ।
- आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत अर्थतन्त्रको निर्माण गर्ने ।
- प्राकृतिक,सास्कृतिक लयायतका उपलब्ध अन्य सम्पदाहरुको अधिकतम उपयोग गरि आर्थिक वृद्धि गर्ने ।

**आर्थिक वर्ष ०७७।७८ को वजेटको प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु ।**

- सवै नागरिकलाई रोजगारीको अवसर श्रृजना गर्ने क्षेत्रहरुको पहिचान गरि लगानी गर्ने ।
- विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ को कारणले बढेको बेरोजगारी दर घटाउन विभिन्न खाले रोजगारमुलक कार्यक्रम संचालन गर्ने ।
- कृषि, जलश्रोत, पर्यटन लगायतका क्षेत्रहरुमा पूजी लगानी गरि आर्थिक तथा सामाजिक विकास गर्ने ।
- आधुनिक, भौतिक संरचनाको विकास गरी सडक, सिंचाई, विद्युत, पूर्वाधार लगायतको क्षेत्रको विकास गर्ने ।
- सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरि नागरिकहरुलाई यस कनकासुन्दरी गाँउपालिका प्रति अपनत्व वोध गराउने ।
- विश्वमा महामारीको रुपमा रहेको कोभिड १९ का कारण हुन सक्ने मानविय क्षेति कम गर्न आकस्मिक कोष,औषधि उपचार,क्वारेनटाईन आदिको व्यवस्था गर्दै सामुदायीक विद्यालयहरुमा अवरुद्ध रहेको पठन पाठनलाई उच्च प्राथमिकता दिने ।

**आदरणीय महानुभावहरू,**

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा नेपालको संविधान, विनियोजन ऐन, २०७७ को सिद्धान्त र प्राथमिकता, यस कनकासुन्दरी गाउँपालिकाको नीति तथा कार्यक्रम, नेपाल सरकारको चालु आवधिक योजना, दिगो विकासका लक्ष्य र गाउँसभाका सदस्य लगायत विद्धान व्यक्तित्वहरुले दिनु भएको सुझावहरुलाई मार्ग निर्देशनको रुपमा लिएको छु । विभिन्न राजनैतिक दल, संघ संस्था, विद्धतवर्ग तथा दिदी बहिनी, दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

कनकासुन्दरी गाउँपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तीको रूपमा ग्रहण गर्दै यसैको जगमा टेकेर सम्मृद्ध कनकासुन्दरी गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म कनकासुन्दरी गाउँपालिकालको चालु आ.ब.को आय व्ययको यर्थात विवरण प्रस्तुत गर्दछु ।

**आय तर्फ-ः**

अब म नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रु. १६ करोड ४५ लाख वित्तीय समानीकरणबाट रु. ९ करोड ५३ लाख , राजश्व बाँडफाँडको रकम रु ६ करोड ४० लाख ७३ हजार ४ सय , संघीय सरकारको विशेष अनुदान १ करोड २० लाख प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण रकम रु. १ करोड १७ हजार , प्रदेश सरकारको राजश्व बाँडफाँडको रकम रु ५ लाख ८७ हजार ,प्रदेश सरकारको समपुरक अनुदान १ करोड २० लाख,प्रदेश सरकार शर्शात अनुदान १ करोड ५ लाख र प्रदेश सरकार विषेश अनुदान ३५ लाख यस गा.पाको आन्तरिक राजश्वबाट प्राप्त रकम रु. १५ लाख र अघिल्लो वर्षको अल्या ५८ लाख ५० हजार ७ सय ८९ रुपैया गरी जम्मा रु. ३७ करोड ९८ लाख २८ हजार १ सय ८९ रुपैया प्राप्त हुने अनुमान गरेको छु ।

**व्यय तर्फ-ः**

चालु खर्च तर्फ रु. ७ करोड २० लाख ११ हजार १८९ रुपैया, पूजिगत खर्च १३ करोड २८ लाख १७ हजार र शर्शतमा १७ करोड ५० लाख गरी जम्मा ३७ करोड ९८ लाख २८ हजार १ सय ८९ रुपैया खर्च प्रस्ताव गरेको छु । कुल बजेटको चालु तर्फ ६५.०३ प्रतिशत र पूजिगत तर्फ ३४.९७ प्रतिशत रहेको छ । नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको रकम विषयगत कार्यालय अनुसार विनियोजन भएकोले सोही अनुसार खर्च हुने छ ।

**अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहान्छु ।**

सशर्त अनुदान तर्फ नेपाल सरकारबाट आएको रु १६ करोड ४५ लाख तथा प्रदेश सरकारवाट आएको रकम रु १ करोड ५ लाख र सो संग प्राप्त कार्यक्रम सोही अनुसार विनियोजन गरेको छु ।

**अव म गाउँपालिका तथा वडा स्तरिय कार्यक्रमको लागि समानिकरण अनुदानको विनियोजन प्रस्तुत गर्दछु ।**

- आर्थिक विकास – ४ करोड १३ लाख ३७ हजार
- सामाजिक विकास – २ करोड ३८ लाख ७० हजार
- पूर्वाधार विकास – २ करोड ६१ लाख ७० हजार
- कार्यालय संञ्चालन तथा प्रशासनिक खर्च – ७७ लाख ४० हजार
- संस्थागत विकास सेवा प्रवाह र शुसासन – ६२ लाख

**कनकासुन्दरी गाउँपालिकाको आ.व. २०७७/०७८ को आय व्ययको यर्थात विवरण विभिन्न अनुसूचीमा प्रस्तुत गरिएको छ ।**

अन्तमा, यस कनकासुन्दरी गाउँपालिकाको आर्थिक, सामाजिक,सास्कृतिक लगायतका विकासमा निरन्तर सहयोग पुराउन नेपाल सरकार, प्रदेश सरकार, सवै करदाता र राष्टिय र अन्तराष्टिय विकास साझेदारहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । साथै यो बजेट तर्जुमामा मार्ग निर्देशन गर्नुहुने कनकासुन्दरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु, प्रमुख प्रशासकिय अधिकृत श्री विपेन्द्र प्रसाद अधिकारी, यस गाउँपालिका विषयगत शाखाका प्रमुखहरु तथा सम्रग कर्मचारीहरु विभिन्न राजनीतिक दलका प्रतिनिधि अग्रज व्यक्तिहरुले दिनुभएका सुझावहरुलाई पनि बजेट निर्माणका चरणमा संस्मरण गरेको छु । बजेट छलफलका क्रममा आ आफ्नो तर्फबाट सहयोग पुर्‍याउने गाँउ कार्यपालिकाका सदस्य,गाँउ सभा सदस्य,समाजसेवी,वुद्धिजिवि,पत्रकार,राजनैतिक दलका प्रतिनिधि यस गाँउपालिकामा अहोरात्र खटिएर गाँउ सभालाई सफल बनाउनु हुने कर्मचारीज्युहरु,अर्थविद मित्रहरु,सुरक्षा निकायका कर्मचारी र यस गाउँपालिकामा रहनु भएका सम्पुर्ण आमा बुवा दाजुभाई तथा दिदीबहिनी हरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेट कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

**धन्यवाद !**